११२१ ) ६८३

राष्ट्रिय सूचना आयोगको
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरण कुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २४०/२०७०/०७१
निर्णय नं. ७३३

भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका १६ मनोहरा, लोकन्थली वस्ने शारदा भुषाल(झा).१ पुनरावेदक

विरूद्ध

सचिव, सुन्दरपूर गाउँ विकास समितिको कार्यालय, सुन्दरपूर महोत्तरी ..........................१ विपक्षी

**विषय :- सूचना दिनू भनिएकामा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।**

भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका १६ मनोहरा, लोकन्थली वस्ने शारदा भुषाल(झा)ले सुन्दरपूर गाउँ विकास समितिको कार्यालय, सुन्दरपूर महोत्तरीले सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोगमा मिति २०७०।१२।१७ मा गरेको पुनरावेदकको सम्बन्धमा यस आयोगबाट मिति २०७१।०१।०५ मा आदेश भई उक्त आदेश कार्यान्वयन गर्न सुन्दरपूर गाउँ विकास समितिको कार्यालय, सुन्दरपूर महोत्तरीलाई यस आयोगबाट क्रमशः मिति २०७१।०१।०८ च.नं. ८८५, २०७१।०३।०४ च.नं. १०८२ र २०७२।०३।२१ च.न..१५२७ को पत्रबाट आदेश कार्यान्वयनको लागि पत्राचार गरिएको । उक्त पत्रचार पश्चात पुनरावेदकले सूचना पाए नपाएको सम्वन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारबाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तोमलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ चैत्र ११ गत रोज ५ शुभम्